गोलन्जोर गाउँपालिका

# स्थानीय राजपत्र

खण्ड ७ संख्या ३ मिति;२०८०।०३।२४

## भाग-२

## गोलन्जोर गाउँपालिका

# गोलन्जोर गाउँपालिकाको दुध उत्पादनमा आधारित अनुदान वितरण कार्यविधि, २०८०

गाउँ सभावाट पारित मिति २०८०।०३।२४

## परिच्छेद-१

## प्रारम्भिक

**१. संक्षिप्त नाम र प्रारम्भः** (१) यो कार्यविधिको नाम दुध उत्पादनमा आधारित अनुदान वितरण कार्यविधि, २०८० रहेको छ ।

(२) यो कार्यविधि तुरुन्त प्रारम्भ हुनेछ ।

**२. परिभाषाः** विषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस कार्यविधिमाः

(क) कार्यालय भन्नाले गोलन्जोर गाउँपालिकाको कार्यालय सम्झनु पर्दछ ।

(ख) दुग्ध उत्पादन सहकारी संस्था भन्नाले गाउँपालिकामा दर्ता वा सुचिकृत भएको दुध संकलन प्रशोधन र वितरण गर्ने सहकारी संस्था संस्था सम्झनु पर्दछ ।

(ग) विषय विज्ञ भन्नाले दुध दिने पशु सम्बन्धी ज्ञान भएको सरकारी वा गैरसरकारी सरोकारवाला प्राविधीक कर्मचारी वा वैज्ञानिक व्यक्तित्व सम्झनु पर्दछ ।

(घ) स्थानिय तह भन्नाले गोलन्जोर गाउँपालिका सम्झनु पर्दछ ।

**३. उद्धेश्यः** यस कार्यविधिको उद्धेश्य देहाय बमोजिम हुनेछः

(क) अनुदान वितरण नीतिलाई प्रकृयामुखीबाट परिणाममुखी तर्फ लैजाने ।

(ख) दुध उत्पादन क्षेत्रलाई प्रतिष्पर्धात्मक बनाई सो व्यबसायलाई प्रतिष्ठित एवं दिगो व्यवसाय बनाउन प्रोत्साहन गर्ने ।

(ग) अनुदानको सही, दक्ष र प्रभावकारी रुपमा वितरण उपयोग र सदुपयोग गर्ने ।

(घ) साना कृषकहरुको समेत दुग्ध उत्पादन संगठित बजारमा प्रवाह गर्ने ।

(ङ) व्यवसायिक कृषकलाई दुध उत्पादन गर्नमा हौसला प्रदान गर्ने ।

(च) व्यबसायिक रुपमा पशुपालन गर्दै आएका कृषकहरुको जिवन स्तर आय आर्जन वृद्धि गर्ने ।

## परिच्छेद -२

## आर्थिक पक्ष

**४. यस कार्यक्रममा गोलन्जोर गाउँपालिकाबाट छनौट गरिएका दुग्ध उत्पादक सहकारी संस्थाहरुमा दुध विक्री गर्ने पशुपालक कृषकहरुलाई प्रोत्साहन स्वरुप अनुदान वितरण गरिने छ ।**

**५. अनुदान रकम तपशिल अनुसार वितरण गरिनेछ ।**

(क) व्यक्तिगत हकमा एक छाकमा कम्तिमा ४ लिटर दुध विक्रि गरेमा प्रति लिटर ३ रुपैयाँ पाउने छन् ।

(ख) फार्मको हकमा एक छाकमा कम्तिमा २० लिटर दुध विक्रि गरेमा प्रति लिटर ३ रुपैयाँ पाउनेछन् ।

(ग) दुध विक्रेता कृषकले प्रत्येक महिनाको रिपोर्ट पेश गर्ने र तीन/तीन महिनामा भुक्तानी गर्न सकिनेछ ।

## परिच्छेद -३

## मापदण्ड

**६. अनुदान वितरणका मापदण्डहरुः**

(क) व्यक्तिगत कृषकको लागि एक छाकमा कम्तिमा ४ लिटर दुध विक्रि गर्नु पर्नेछ ।

(ख) कुन दुग्ध उत्पादन सहकारी संस्थालाई दुध विक्री गरिएको हो त्यसको प्रमाण हुनु पर्नेछ र सम्बन्धित सहकारी संस्थाले प्रमाणित गरेको हुनु पर्नेछ ।

(ग) व्यबसायिक फार्मको हकमा एक छाकमा कम्तिमा २० लिटर दुध विक्री गरेको हुनु पर्नेछ ।

(घ) सफा र गुणस्तर युक्त दुध विक्री वितरण गरेको हुनु पर्नेछ ।

(ङ) फार्मको हकमा गाउँपालिकामा अनिवार्य रुपमा दर्ता गरेको हुनु पर्नेछ ।।

(च) कृषक समूह वा पशु फार्मलाई गाउँपालकाको कृषि वा पशु शाखा प्रमुखले त्यस्तो अनुदान दिन सकिने आधार प्रमाणित गर्नु पर्नेछ ।

## परिच्छेद -४

## संस्थागत व्यवस्था

**७. निर्देशक समितिको गठनः**

(क) दुध उत्पादन अनुदान सम्बन्धि कार्यको निर्देशन गर्न देहाय बमोजिमको एउटा निर्देशक समिति गठन हुनेछ ।

(१) गाउँपालिका अध्यक्षः संयोजक

(२) गाउँपालिका उपाध्यक्षः सदस्य

(३) प्रमुख प्रशासकीय अधिकृतः सदस्य

(४) लेखा अधिकृतः सदस्य

(५) वडा अध्यक्ष, सम्बन्धित वडाः सदस्य

(६) पशु शाखा प्रमुखः सदस्य सचिब

**(ख) निर्देशक समितिको काम कर्तव्य र अधिकारः**

(१) यस कार्यविधिको कार्यान्वयनको शिलशिलामा कुनै द्विविधा उत्पन्न भएमा अन्तिम निर्णय गर्ने ।

(२) समन्वय तथा अनुगमन समितिको सिफारिशको आधारमा कार्यान्वयन अगाडी बढाउने ।

(३) अनुदान रकमको प्रभावकारीता विषयको स्थलगत अध्ययन गर्ने ।

**८. समन्वय तथा अनुगमन समितिको गठनः**

**(क) दुध उत्पादन अनुदान सम्बन्धि कार्यको समन्वय तथा अनुगमन गर्न देहाय बमोजमको एउटा समन्वय तथा अनुगमन समिति गठन हुनेछ ।**

(१) गाउँपालिका उपाध्यक्षः संयोजक
(२) प्रमुख प्रशासकीय अधिकृत वा निजले तोकेको कर्मचारीः सदस्य
(३) सामाजक विकास शाखा प्रमुखः सदस्य
(४) सम्बन्धित वडाको वडा अध्यक्षः सदस्य
(५) पशुपन्छी शाखा प्रमुखः सदस्य सचिब

**ख. समन्वय तथा अनुगमन समितिको काम कर्तव्य र अधिकारः**

(१) यस कार्यविधि बमोजिम गर्नुपर्ने कार्यको समन्वय गर्ने ।
(२) अनुदान रकमको सहि सदुपयोग भएको नभएको अध्ययन गरी सिफारिश सहित निर्देशक समितिलाई पेश गर्ने ।
(३) संचालित कार्यक्रमको मासिक अनुगमन गरि प्रतिबेदन पेश गर्ने ।

आज्ञाले
शम्भु प्रसाद पौडेल
प्रमुख प्रशासकीय अधिकृत
प्रमाणिकरण मितिः २०८०।०३।२४